**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २० मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राज्यका मुख्यमंत्री शुभेन्दु अधिकारीले **उत्तर बंगालमा** AIIMS, IIT, IIM र क्यान्सर अस्पतालको निर्माण गरिने बताउनु भएको छ।

- मुख्यमन्त्रीले दार्जिलिंग पहाडको गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनमा भएका भ्रष्टचारहरूको जाँच गरिने बताउनुभएको छ।

- पश्चिम बंगाल सरकारले 25 देखि 60 वर्ष आयु वर्गका महिलाहरुका लागि प्रत्येक महिना तीन हज़ार रुपियाँको आर्थिक सहायता दिने अन्नपूर्णा योजना एक जून देखि शुरू गर्नेछ।

- मुख्य मन्त्री सुवेन्दु अधिकारीले गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष बिमल गुरुङ अनि महासचिव रोशन गिरिसित आगामी 25 मईमा भेटवार्ता गर्ने जानकारी बिमल गुरुङले दिनुभएको छ।

- कालेबुंगका महकुमा शासक श्री सौम्य घोषले कालेबुंग नगरपालिकाको प्रशासनिक अधिकारीको रूपमा आज पदभार ग्रहण गर्नु भयो।

**मुख्यमंत्री प्रशासनिक बैठक**

मुख्यमंत्री सुभेन्दु अधिकारीले आज सिलगढी स्थित उत्तर बंग सचिवालय "उत्तर कन्यामा एउटा महत्वपूर्ण प्रशासनिक समिक्षा बैठक गर्नु भयो। उहाँले बैठकमा उत्तर बंगालको समग्र विकास उहाँको सरकारको प्राथमिकतामा रहेको बताउनु भयो। उहाँले उत्तर बंगालका पाँच जिल्लाहरू दार्जिलिंग, कालेबुंग, जलपाईगुड़ी, अलिपुरद्वार र कूचबिहारका पुलिस प्रशासनका अधिकारीहरू शामेल थिए। यस बैठकमा क्याबिनेट मंत्रीहरू दिलिप घोष तथा निशिथ प्रमाणिक, मुख्य सचिव मनोज अग्रवाल विशेष रूपमा उपस्थित थिए।बैठकमा आगामी मनसुन कालमा हुने वर्षाको कारण पहिरो र बाढीका खतराहरूको सामना गर्न राहत र बचाव तयारीहरू गर्ने आदेश दिनु भयो। उहाँले विगतको टीएमसी सरकारमा मारिएका भाजपा कार्यकर्ताहरूको परिवारलाई सरकारी नौकरी दिने प्रक्रिया थाल्ने निर्देश पनि दिनु भयो। उहाँले पश्चिम एशियामा संघर्षले उत्पन्न परिस्थिको सामना गर्न प्रधानमन्त्री नरेन्द्र मोदीको पेट्रोल डीजट कटौतीको आह्वान माथि जोर दिन्दै सरकारी अधिकारीहरूले पनि वाहन साझा गरी कार्यालय आउने जाने आग्रह गर्नु भयो। आजको यस प्रशासनिक समिक्षा बैठकमा कैयन अधिकारीहरू वाहन साझा गरि आएकोमा प्रशन्नता व्यक्त गर्नु भयो। उहाँले नारी सुरक्षालाई सर्वोच्च प्राथमिकता दिन भनि अधिकारीहरूलाई बताउनु भयो।उहाँले भन्नु भयो  विगतको टीएमसी सरकारमा चलेको कटमनी, सिन्डीकेट, तोलाबाजी, कशीसनखोरी, भ्रष्टाचार संस्कृतिको अन्त भएको छ। उहाँले अब स्वच्छ, सुचितपूर्ण पारदर्शी जन हितैषी प्रशासन संस्कृतिको उदय भएको बताउनु भयो। उहाँले राज्य देशको सुरक्षालाई सर्वोपरी ठान्दै प्रशासनिक अधिकारीहरूलाई देश विरोधी गतिविधिहरू प्रति कड़ा नजर राख्न पनि भन्नु भयो।प्रशासनिक बैठक अघि उहाँले सिलगढी पार्टी कार्यालयमा आयोजित स्वागत समारोहमा भाग लिनु भयो। स्वागत समारोहमा बोल्दै उत्तर बंगालको विकास कार्यलाई तीव्र गति दिइने उहाँले भन्नु भयो। उहाँले प्रत्येक महिना उत्तर बंगालको भ्रमणमा आउने वाचा पनि गर्नु भयो। उहाँले उत्तर बंगालमा एउटा AIIMS, एउटा IIT, एउटा IIM र एउटा क्यान्सर

अस्पताल को निर्माण गरिने वाचालाई दोहोर्याउनु भयो। दार्जिलिंग र कालेबुंग अनि जलपाईगुड़ी, अलिपुरद्वार र कुचबिहार यी मध्ये एउटाको निर्माण गरिने भन्नु भयो।

(बाइट- Suvendu Visit)...

उहाँले दार्जिलिंग पहाडको गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनमा भएका भ्रषटाचारहरूको जाँच गरिने कुरा पनि भन्नु भयो।

... बाईट- Suvendu-GTA

**शुभेन्दु - सिलीगुड़ी भ्रमण**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले भारतीय जनता पार्टी सरकारको सर्वोच्च प्राथमिकता उत्तर बंगालको सर्वांगीण विकास रहेको बताउनुभएको छ। उहाँले भन्नुभयो विकास परियोजनाहरूको समीक्षा गर्न र सरकारी योजनाहरूको प्रभावको निगरानीका लागि प्रत्येक महिना उहाँले एक पटक उत्तर बंगालको भ्रमण गर्ने छन्।उहाँले भन्नुभयो उत्तर बंगाल विकास मन्त्रीले उत्तर बंगाल सचिवालय, उत्तरकन्या, सिलिगुडीमा बिहान 9 बजेदेखि 11 बजेसम्म जनता दरबारको आयोजना गर्नुहुनेछ। जनता दरबारपछि बिहान एघार बजेदेखि एक बजेसम्म अधिकारीहरूका साथ प्रशासनिक समीक्षा बैठक हुनेछ र त्यसपछि सोही दिन दिउँसो 2 बजेदेखि 4 बजेसम्म विकास मन्त्रीले क्षेत्रका सबै सांसद र विधायकहरूसित विकास कार्यलाई तीव्रता दिन समीक्षा बैठक गर्नुहुनेछ।मुख्यमन्त्री बनेपछि, श्री शुभेन्दु अधिकारी उत्तर बंगालको आफ्नो पहिलो एकदिवसीय भ्रमणमा आज सिलगढी पुग्नु भएको छ।उत्तर बंगालका विकास, खेल तथा युवा मामिला मन्त्री श्री निशित प्रामाणिकले उहाँलाई बागडोगरा विमानस्थलमा भव्य स्वागत गर्नुभयो।मुख्यमन्त्रीले सिलिगुडी स्थित भाजपा कार्यालयमा उत्तर बंगालका भाजपा पदाधिकारी, पार्टी सांसद र विधायकहरूलाई सम्बोधन गर्नुभयो, जहाँ उहाँलाई भव्य स्वागत गरियो।

**अन्नपूर्ण योजना**

पश्चिम बंगाल सरकारले महिलाहरूको सामाजिक-आर्थिक उत्थानका लागि तीन हजार रुपियाँको मासिक वित्तीय सहायताको **अन्नपूर्ण योजना**लाई अधिसूचित गरेको छ।महिला र बाल विकास तथा समाज कल्याण विभागको यो योजना एक जून देखि लागू हुनेछ। एक रिपोर्ट...

**बाईट**

**यस योजना अन्तर्गत, यो राशि पात्र लाभार्थीहरूको आधारसित जोडिएको बैंक खातामा प्रत्यक्ष लाभ हस्तान्तरणको माध्यमले पठाइनेछ। यस योजनाको लागि 25 देखि 60 वर्षका महिलाहरू पात्र छन्। पात्र महिलाहरूले आयकर तिरेको हुनुहुँदैन साथै कुनै स्थायी सरकारी नौकरीमा कार्यरत हुनुहुँदैन। नयाँ आदेश अनुसार, लक्ष्मी भण्डार योजनाका सबै वर्तमान लाभार्थीहरू स्वतः अन्नपूर्ण योजनामा स्थानांतरित हुनेछन्। नयाँ आवेदकहरूको लागि, अन्नपूर्ण योजनाको अनलाइन पोर्टल एक जून, 2026 मा सुरु हुनेछ। कल्याण लाहाको रिपोर्टका साथ समाचार कक्षबाट, रोशनी छेत्री।**

**हर्षवर्धन श्रृंगला**

राज्य सभा सांसद तथा पूर्व विदेश सचिव हर्षवर्धन श्रृंगलालाई लोकभा अध्यक्ष ओम बिड़लाले कारपोरेट कानून संशोधन विधेयक 2026 को संयुक्त समितिको सदस्य मनोनीत गर्नु भएकोछ। यस समितिको अध्यक्ष सांसद सुधीर गुप्तालाई बनाइएको छ।

**वीआईपी सुरक्षा प्रदान**

पश्चिम बंगालमा सत्ता परिवर्तन पछि लगभग एक हज़ार एक सय नेता, पूर्व मन्त्री र प्रभावशाली व्यक्तिहरूलाई प्रदान

गरिएको सुरक्षाको समीक्षा पछि, अब यसलाई चरणबद्ध रूपमा फिर्ता लिइँदैछ। राज्य प्रशासनको निर्देशमा यो कदम चालिएको हो। यस मध्ये धेरै व्यक्तिहरूले 'X', 'Y', 'Y Plus' र 'Z' श्रेणीको सुरक्षा पाइरहेका थिए। नवान्ना सूत्रहरु अनुसार, तृणमूल कांग्रेसका जम्मा 175 नेताहरूले श्रेणीबद्ध सुरक्षा पाइरहेका थिए भने लगभग नौ सय जनालाई गैर-स्तरीय सुरक्षा प्रदान गरिएको थियो।

**पश्चिम बङ्गालमा लगभग सय ऐकर भूमि बीएसएफलाई हस्तान्तरण गर्ने प्रक्रिया आरम्भ**

पश्चिम बङ्गाल सरकारले भारत-बङ्गलादेश सीमामा सुरक्षा ढाँचालाई मजबुत बनाउने उद्देश्यले लगभग सय ऐकर भूमि सीमा सुरक्षा बल (बीएसएफ) लाई हस्तान्तरण गर्ने प्रक्रिया शुरू गरेको छ। आधिकारिक सूत्रानुसार यो कदम सीमामा बारबन्दी तथा अन्य आधारभूत ढाँचाको विकासलाई गति दिनको लागि उठाइएको हो।यस अतिरिक्त सिलगढ़ीको संवेदनशील "चिकन नेक" क्षेत्र नजिक लगभग 6 ऐकर भूमिलाई पनि बीएसएफलाई नै दिनेमाथि विचार गरिँदैछ जहाँ सुरक्षाको दृष्टिकोणले एक प्रस्तावित मुख्यालय स्थापना गर्ने योजना छ।अधिकारीहरूले बताए, यो भूमि हस्तान्तरण प्रक्रियालाई राज्य क्याबिनेटको निर्णयपछि अगाड़ि बढ़ाइँदैछ। यसको साथै एकजना वरिष्ठ बीएसएफ अधिकारी मुख्यमन्त्रीसित कोलकातामा हुने बैठकमा सामेल हुने सम्भावना रहेको छ।प्रशासनिक आकड़ा अनुसार मुर्शिदाबाद, मालदा, कुचबिहार, उत्तर 24 परगना र नादिया जस्ता जिल्लाहरूमा भूमि अधिग्रहण पहिला नै पूरा भइसकेको छ। नौ वटा सीमावर्ती जिल्लाहरूमा रहल बचेका कार्यहरूको लागि अतिरिक्त अनुमति पनि दिइएको छ।

यस पहलको उद्देश्य पश्चिम बङ्गालको भारत-बङ्गलादेश सीमाका लगभग 456 किलोमिटर क्षेत्रमा लम्बित बारबन्दी कार्यलाई पूरा गर्नु हो जुन भूमि अधिग्रहणसित सम्बन्धित चुनौतीहरूको कारणले पछिल्लो लामो समयदेखिको थाँतीमा थियो।

**एसटीएफ कारबाही**

पश्चिम बंगाल पुलिसको विशेष कार्य बल एसटीएफले राज्यका विभिन्न जिल्लाहरूमा सञ्चालन गरिएको विशेष अभियानको क्रममा ठूलो मात्रामा हतियार र गोला बारुद बरामद गरेको छ।यस कारबाहीमा जम्मा छ जनालाई पक्राउ गरिएको छ। पक्राउ परेका आरोपीहरूलाई अदालतमा पेश गरिनेछ।एसटीएफले आज एक विज्ञप्ति मार्फत भनेको छ अभियानको क्रममा आठ सात एमएमको पिस्तोल सहित जम्मा 10 वटा बन्दुक बरामद गरिएको छ।

**शुभेन्दु बिमल गुरुङ**

पश्चिम बंगालका मुख्य मन्त्री शुभेन्दु अधिकारीले गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष बिमल गुरुङ अनि महासचिव रोशन गिरिसित आगामी 25 मईको साँझ 5 बजे कलकत्ता स्थित नवन्नामा भेटवार्ता गर्नुहुनेछ।दार्जीलिङ पहाड, तराई तथा डुवर्स क्षेत्रका दीर्घकालीन राजनीतिक समस्या समाधानका विषयलाई केन्द्रमा राखेर हुने भेटवार्तालाई अत्यन्त महत्वपूर्ण राजनीतिक पहलको रूपमा हेरिएको छ। भेटवार्तामा स्थायी राजनीतिक समाधानसित प्रत्यक्ष जोडिएका विविध विषयमा गम्भीर छलफल हुने जनाइएको छ।गोर्खा जनमुक्ति मोर्चाले यस उच्चस्तरीय भेटवार्तालाई पहाड, तराई र डुवर्सका जनताको आवाज राज्य सरकारसमक्ष सशक्त रूपमा राख्ने अवसरको रूपमा लिएको छ।यसको जानकारी गोजामुमो अध्यक्ष बिमल गुरूंगले दिनु भएको हो।

**कालेबुंग एसडीओ**

कालेबुंगका महकुमा शासक श्री सौम्य घोषले कालेबुंग नगरपालिकाको प्रशासनिक अधिकारीको रूपमा आज पदभार

ग्रहण गर्नु भयो। राज्यमा नयाँ भाजपा सरकार गठन भएपछि विगतको टीएमसी सरकारले गठित गरेकोप्रशासनीक बोर्डहरलाई खारेज गरि दिएको थियो अनि राजनितिक नियुक्तिहरूलाई रद्द गरि दिएको थियो। विशेष गरि कालेबुंग मिरिक र खर्साङ्ग नगरपालीकाको चुनाव नगराई राजनीतिक प्रशासक नियुक्त गरिएको थियो जसलाई मुखयमंत्री सुभेन्दु अधिकारीले एक आदेश मार्फत रद्द गर्दै चुनाव नभइन्जेल संबंधित महकुमा शासकलाई प्रशासक नियुक्त गर्नु भएको थियो।
कालेबुंग नगरपालीकाको प्रशासकको पदभार ग्रहण गर्दै श्री घोषले 23 वार्डका मानिसहरूको हितमा काम गर्ने बताउनु भयो। उहाँले भन्नु भयो ... बाईट...

**भागोप्रमो खर्साङ्ग मिटिंग**

भारतीय गोरखा प्रजातांत्रिक मोर्चाको खर्साङ्ग महकुमाका पदाधिकारीहरूको एउटा महत्वपूर्ण बैठक खर्साङ्ग सामुदायिक भवनमा आज सम्पन्न भयो। बैठकको अध्यक्षता पार्टी अध्यक्ष अनित थापाले गर्नु भयो। यस बैठकमा विगत विधानसभा चुनावमा भएको हारको समीक्षा गरियो। श्री थापाले पार्टी कार्यकर्ताहरूलाई सम्बोधित गर्दै भन्नु भयो - पराजयले कार्यकर्ताहरू हताश र निराश हुनु हुन्दैन। उहाँले पहाडको सबसे ठूलो पार्टी नै भागोप्रमो रहेकोले कार्यकर्ताहरूले थप जोश र ऊर्जाका साथ संगठको काममा लागि पर्नु पर्छ। उहाँले पार्टीलाई थप बलियो बनाउने कुरामाथि जोर दिनु भयो। उहाँले पहाडमा शान्ति र विकास सुनिश्चित गर्ने पार्टी नै भागोप्रमो हो भन्दै आउने चुनावहरू नगरपालिका अथवा जीटीए वा अन्य व्यवस्था आए पनि त्यसको लागि तैयार रहने आह्वान गर्नु भयो।

**गोपाल योञ्जन**

गोपाल योञ्जन प्रतिष्ठान मिरिकको आयोजनामा नेपाली सांगीतिक जगतका वरिष्ठ संगीतकार, गीतकार तथा गायक वाग्येकार गोपाल योञ्जनको 29औ पुण्यतिथिमा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरिएको छ। प्रतिष्ठानका सचिव केसाङ लामाले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष सुकबहादुर गजमेरले गरेका थिए। यसरी नै चर्चित गायक तथा संगीतकार कर्म ग्याल्छेन, गायक तथा संगीतकार उत्तम मणि बोम्जन, प्रतिष्ठानका उपाध्यक्ष कैलाश राई, सदस्यहरू, शिक्षक रमेश गजमेर, मिरिक शिभिक सोसाईटीका प्रतिनिधि ग्याल्पो लामा, साहित्य सुनौ परिवारका अध्यक्ष अमर दुङमाली, सुचना एवं सांस्कृतिक विभाग मिरिकका प्रभारी मिलन राई, विभागीय कलाकारहरू, देवीलाल प्रधान, अर्जुन प्रधान, सौराज गोले, पर्शुदास सुब्बा, लगायत अन्यको उपस्थिति रहेको थियो। यता पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा प्रतिष्ठानका अध्यक्ष सुकबहादुर गजमेर,उपाध्यक्ष कैलाश राई, सचिव केसाङ लामाले आफूहरूले प्रत्येक वर्ष वाग्येकार गोपाल योञ्जनको पुण्यतिथि पालन गर्दै आएको बताउदै नेपाली सांगीतिक जगतका उनको योगदान युग युगसम्म रहिरहने बताए। उनीहरूले गोपाल योञ्जन मिरिक क्षेत्रको ओकेटी चियाबारीमा जन्म ग्रहण गरि नेपाली सांगीतिक जगतमा आफ्नो छुट्टै छाप छोडेर गएको बताए। उनीहरूले विगतमा आफूहरूले अन्तर विद्यालय गोपाल योञ्जन गायन प्रतियोगिता आयोजना गरेको तथापि कतिपय कारणवश प्रतियोगितालाई निरन्तर दिन नसके तापनि आगामी दिनमा फेरी पनि कार्यक्रम आयोजना गर्ने बताए।

**सर्वोच्च न्यायालय-जाति गणना**

सर्वोच्च न्यायालयले जनगणना 2027 अन्तर्गत जाति गणना गराउने केन्द्र सरकारको निर्णयलाई चुनौती दिने याचिकालाई आज खारेज गर्यो।अदालतले यो मुद्दा सरकारको नीतिगत क्षेत्राधिकार भित्र पर्ने बताएको छ।मुख्य न्यायाधीश सूर्य कान्तको अध्यक्षतामा रहेको पीठले भनेको छ सरकारले पछौटे वर्गको कल्याणकारी उपाय तयार गर्न र उनीहरूको संख्या जान्नु आवश्यक छ।पीठले यस्तो तथ्याङ्क सङ्कलन गर्दा कुनै हानि नभएको बताएको छ र यस विषयमा हस्तक्षेप गर्न अस्वीकार गरेको छ।

**मौसम**

दक्षिण बंगाल आर्द्रता र गर्मीसित जूझिरहेको छ भने, उत्तर बंगालमा मौसम भिन्दै छ।मौसम विभागले दार्जिलिङ देखि मालदासम्मका धेरै जिल्लाहरूमा वर्षा र मेघगर्जनको पुर्वानुमान गरेको छ। शुक्रबार जलपाईगुडी र अलिपुरद्वारमा अत्यधिक वर्षा हुने सम्भावना छ।

**********